# स्थानीय राजपत्र

बुढीनन्दा नगरपालिका, बाजुराद्वारा प्रकाशित

खण्ड ५) बुढीनन्दा नगरपालिका, २०८२/०७/३० साल (संख्या ६

भाग-२

बुढीनन्दा नगरपालिका, बाजुरा

## कार्यविधिको नामः बुढीनन्दा नगरपालिका सामुदायिक विद्यालय लेखापरीक्षण कार्यविधि, २०८३

प्रस्तावनाः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२)(ज) मा रहेको विद्यालय शिक्षा सम्बन्धी काम कर्तव्य र अधिकार एवं बुढीनन्दा नगरपालिका, शिक्षा ऐन २०८० को दफा ५२ ले दिएको अधिकार प्रयोग गरी विद्यालय लेखापरीक्षण कार्यविधि, २०८२ जारी गरी लागू गरिएको छ ।

### परिच्छेद - १
### संक्षिप्त नाम र परिभाषा

१. क) संक्षिप्त नाम र प्रारम्भः यस कार्यविधिको नाम बुढीनन्दा नगरपालिका सामुदायिक विद्यालय लेखापरीक्षण कार्यविधि, २०८२ रहेको छ ।

ख) यो कार्यविधि बुढीनन्दा नगरपालिका क्षेत्रभित्र लागू हुनेछ ।

ग) यो कार्यविधि राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,-

क) "कार्यविधी" भन्नाले बुढीनन्दा नगरपालिका सामुदायिक विद्यालय लेखापरीक्षण सम्बन्धी कार्यविधी, २०८२ सम्झनु पर्दछ ।

ख) "नगरपालिका" भन्नाले बुढीनन्दा नगरपालिकालाई सम्झनु पर्दछ ।

ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बुढीनन्दा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

घ) "शिक्षा शाखा" भन्नाले बुढीनन्दा नगरपालिका अन्तर्गतको शिक्षा युवा तथा खेलकुद शाखालाई सम्झनु पर्दछ ।

ङ) "शिक्षा शाखा प्रमुख" भन्नाले बुढीनन्दा नगरपालिका शिक्षा शाखा प्रमुखलाई सम्झनुपर्छ। सो शव्दले शिक्षा शाखा प्रमुखको अनुपस्थितिमा शाखाको काम गर्न तोकिएको कर्मचारी समेतलाई सम्झनु पर्दछ ।

च) "लेखापरीक्षण" भन्नाले सामुदायिक विद्यालय, वाल बिकास केन्द्र तथा सामुदायीक सिकाई केन्द्रहरुको अन्तिम लेखापरीक्षण कार्यलाई सम्झनु पर्दछ ।

छ) "लेखापरीक्षक" भन्नाले प्रचलित कानून बमोजिम लेखापरीक्षण गर्न इजाजत प्राप्त गर्ने व्यक्ति/संस्था/कम्पनी वा फर्मलाई सम्झनु पर्दछ ।

## परिच्छेद- २
## लेखापरीक्षक सम्बन्धी व्यवस्था

३. नगरपालिकाले विद्यालय, वाल विकास केन्द्र तथा सामुदायिक सिकाई केन्द्रहरुको लेखापरीक्षणका लागि दर्तावाल लेखापरीक्षकबाट आर्थिक वर्ष शुरुवात भएको मितिले तीन महिना भित्र कम्तिमा ७ दिनको सूचना आह्वान गरी अनुसूचि १ बमोजिमको ढाँचामा आशयपत्र माग गर्नेछ ।

४. लेखापरीक्षकले आशयपत्र साथ संलग्न गर्नुपर्ने कागजातहरु:

क. लेखा व्यवसायी संस्था दर्ता प्रमाणपत्र
ख. लेखा व्यवसायी संस्था नवीकरणको निस्सा ।
ग. स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र
घ. कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि ।
ङ. नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।
च. लेखापरीक्षककोयोग्यता तथा अनुभव खुल्ने गरी प्राबिधिक प्रस्ताव
छ. बहालवाला कर्मचारी नरहेको तथा कालो सुची नपरेको स्वःघोषणा।
ज. अन्य आवश्यक कागजात शिक्षा शाखाले माग गर्न सक्नेछ।

## परिच्छेद ३
## लेखापरीक्षक छनौट प्रक्रिया

५. लेखापरीक्षण छनौट प्रक्रिया देहाय बमोजिम हुनेछः

क) नगरपालिकाले आर्थिक बर्ष शुरु भएको मितिले तीन महिना भित्र लेखापरीक्षणको लागि नगरपालिकाको वेभ साइटमा आशयपत्र मागका लागि सार्वजनिक सूचना प्रकाशित गर्नेछ।

ख) सूचना बमोजिम इच्छुक लेखापरीक्षकले आवश्यक कागजात सहित आशयपत्र/निवेदन नगरपालिकामा पेश गर्नु पर्नेछ । ग) प्रकरण (क) बमोजिम प्राप्त आवेदन उपर शिक्षा शाखाले छानविन गरी लेखापरीक्षकहरु तोक्ने सम्बन्धको प्रस्ताव नगर शिक्षा समिति समक्ष पेश गर्नु पर्नेछ।

घ) नगर शिक्षा समितिबाट प्रस्ताव सदर/स्वीकृत भए पश्चात शिक्षा शाखाले देहायका आधारमा लेखापरीक्षक नियुक्त गरी सम्बन्धित लेखापरीक्षक र विद्यालयलाई जानकारी गराउनेछ ।

ङ) सामान्यतया एउटै लेखापरीक्षकलाई यस नगरपालिका भित्रका विद्यालयमा लगातार तीन पटक भन्दा बढी लेखापरीक्षकको रुपमा नियुक्ति गरिने छैन।

च) लेखापरीक्षक छनौट गर्दा अनुभव र अध्यनलाई प्राथमिकता दिइनेछ।

छ) सरकारी बहालवाला कर्मचारीलाई लेखापरीक्षकको रुपमा नियुक्ति गरिने छैन

ज) लेखापरीक्षणको लागी एक वा एक भन्दा बढी लेखापरीक्षक छनौट गर्न सकिनेछ।

६. नगरपालिकाले सामुदायिक विद्यालय, वालबिकास तथा सामुदायिक सिकाई केन्द्रहरुको लेखापरीक्षण प्रतिवेदन उपर अध्ययन गरी बेरुजु सम्परीक्षण गर्न गराउन सहजीकरण एवं निर्देशन दिन सक्नेछ ।

७. शिक्षा शाखा तथा आर्थिक प्रशासन शाखाबाट विद्यालय, वाल विकास तथा सामुदायिक सिकाई केन्द्रहरुको प्रत्येक वर्ष कम्तिमा एक पटक स्थलगत अध्ययन गरी लेखा एवं लेखापरीक्षण सम्बन्धमा अनुगमन निरीक्षण गर्न सकिनेछ। यसरी अनुगमन निरीक्षण गर्दा माग भएका कागजात तथा विवरण उपलब्ध गराउनु सम्बन्धित विद्यालयको कर्तव्य हुनेछ।

## परिच्छेद- ४
## लेखापरीक्षको पारिश्रमिक

८. लेखापरीक्षण गरे बापत सम्बन्धित विद्यालयबाट देहाय बमोजिमको पारिश्रमिक दिनु पर्नेछ।
क) रु.२५,००,०००।- (पच्चिस लाख) सम्मको कारोवारमा रु. ५,०००/-
ख) त्यस पछिको प्रत्येक थप रु ५,०००००।- (पाँच लाख) को कारोवारमा रु. १,०००।- का दरले थप गर्ने ।
तर माथि प्रकरण क र ख मा जुनसुकै कुरा लेखिएको भएतापनि लेखापरीक्षण परिश्रमिक भुक्तानी गर्दा अधिकतम ४०,००० (चालिस हजार) भन्दा बढी लिन वा दिन पाइने छैन ।
ग) उक्त पारिश्रमिक रकममा नियमानुसार आयकरकट्टी हुनेछ ।

९. माथि उल्लेखित रकम भन्दा बढी रकम हुने गरी कुनैपनि लेखापरीक्षकले विद्यालयबाट लेखापरीक्षण पारीश्रमिक दावी गर्न पाउने छैन । लेखापरीक्षकले नियमानुसार हुन आउने रकम भन्दा बढी माग गरेमा सम्बन्धित विद्यालयले रकम भुक्तानी नगरी तुरुन्त नगरपालिकामा जानकारी गराउनु पर्नेछ । त्यस्तो अवस्थामा नगरपालिकाले उक्त लेखापरीक्षको नियुक्ति रद्द गर्न सक्नेछ ।

## परिच्छेद-५
## लेखापरीक्षण प्रतिवेदन उपर कारवाही

१०. लेखा परीक्षकले दिएको लेखापरीक्षण प्रतिवेदन स्तरीय र सन्तोषजनक नभएको भनि सम्वन्धित विद्यालयले गुनासो सहित निवेदन पेश गरेमा विद्यालय व्यवस्थापन समितिको निर्णय सहित नगरपालिकाको शिक्षा शाखा मार्फत प्रमुख प्रशासकीय अधिकृतले सोको जानकारी नेपाल चार्टर एकाउन्टेन्ट संस्थामा पठाउन सक्नेछ। उक्त लेखापरीक्षण प्रतिवेदन उपर नेपाल चार्टर एकाउन्टेन्ट संस्थाबाट प्राप्त निर्देशन वा सुझावको कार्यान्वयन गर्ने जिम्मेवारी सम्बन्धित विद्यालय र लेखापरीक्षकको हुनेछ ।

## परिच्छेद- ६
## वेरुजु र सम्परीक्षण

११. लेखापरीक्षणबाट कायम भएका बेरुजुको लगत राखे र प्रमाण पेश गरी नियमित गरी/गराई वा असुल उपर गर्नुपर्ने भए असुल उपर गरी/गराई फछ्यौट गर्ने दायित्व सम्बन्धित विद्यालयको प्रधानाध्यापकको हुनेछ ।

१२. बेरुजु फर्छ्यौट गरी सम्परीक्षण गराउने दायित्व भएको प्रधानाध्यपक वा कर्मचारी सरुवा बढुवा वा अवकास भई विद्यालय छाड्नु परेमा निजले फछ्यौट गर्न बाँकी रहेको बेरुजु लगत तथा कारोबार सम्बन्धी कारबाहीको सम्पूर्ण विवरण खोली वहालवाला प्रधानाध्यापक

वा कर्मचारीलाई वुझाउनु पर्नेछ। जिम्मेवारी प्राप्त प्रधानाध्यापक वा कर्मचारीले उपर्युक्त बमोजिम बुझिलिई बेरुजु फछ्यौट गर्नु गराउनु पर्नेछ।

## परिच्छेद- ७
## विविध

१३. नगरपालिकाले खटाईएको लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु सम्बन्धित विद्यालय, वाल बिकास तथा सामुदायिक सिकाई केन्द्रहरुको  कर्तब्य हुनेछ ।

१४. नगरपालिकाबाट खटाईएको लेखापरीक्षकबाट लेखापरीक्षण नगराएमा उक्त विद्यालयको निकासा नगरपालिकाले रोक्का गर्न सक्नेछ ।

१५. संशोधन तथा बचाउः

क) यसअघि नगरपालिकाबाट भएका विद्यालय लेखापरीक्षण सम्बन्धमा भए गरेका काम कारवाहीहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

ख) नगर कार्यपालिकाले आवश्यक ठानेमा यो कार्यविधि संशोधन गर्न सक्नेछ ।

## अनसूची-१
## लेखापरीक्षणको लागि आशायपत्र पेश गर्ने ढाँचा

मितिः

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
बुढीनन्दा नगरपालिका, कोल्टी, बाजुरा ।

विषयः- लेखापरीक्षणको लागि आशयपत्र पेश गरिएको सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा त्यस नगरपालिका ,नगर कार्यपालिका कार्यालयले त्यस नगरपालिका अन्तरगतका सामुदायिक बिद्यालय, वाल बिकास केन्द्र तथा सामुदायिक सिकाई केन्द्रहरुको आ.व ........................ को लेखापरीक्षण गर्न मिति........................ गते सूचना प्रकाशित गरे बमोजिम एउटा लेखा व्यबसायी संस्थाको हैसियतमा यो आशयपत्र पेश गरेका छौ। सुचनामा प्रकाशित भए बमोजिमका आवश्यक कागजातहरु यसै आशयपत्रका साथ पेश गरीएको ब्यहोरा अनुरोध छ ।

दस्तखत.
नामः
रजिष्टर्ड लेखापरीक्षक द.नं...
मोवाइल न.
ठेगाना

संलग्न कागजातहरु

क. लेखा ब्यवसायी संस्था दर्ता प्रमाणपत्र
ख. लेखा ब्यवसायी संस्था नवीकरणको निस्सा ।
ग. स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र
घ. कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि ।
ङ. नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।
च. लेखापरीक्षककोयोग्यता तथा अनुभव खुल्ने गरी प्राविधिक प्रस्ताव
छ. बहालवाला कर्मचारी नरहेको तथा कालो सुची नपरेको स्वःघोषणा।